नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

# अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२

प्रस्तावना:

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक भएकाले यहाँ रहेका हरेक जातजाति, भाषाभाषी, संस्कृति एवम् धर्मसँग सम्बन्धित विभिन्न अभौतिक सांस्कृतिक सम्पदाहरूलाई संरक्षण, संचालन, निरन्तरता एवम् व्यवस्थापनका लागि सूचीकरण गर्ने प्रक्रियालाई सहज एवम् विधिसम्मत बनाउन समुदायहरुले परम्परागत रूपमा निरन्तर अभ्यास गर्दै आएका तथा प्रचलनमा रहेका एक पुस्तापछि अर्को पुस्तामा पुस्तान्तरण हुँदै सम्बन्धित समुदाय एवम् समग्र राष्ट्रको पहिचानको रूपमा रहेका अभौतिक सांस्कृतिक सम्पदाहरुलाई संरक्षण एवम् व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यो आन्तरिक दिग्दर्शन बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यो दिग्दर्शनको नाम *अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२* रहेको छ।

(२) यो दिग्दर्शन नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस दिग्दर्शनमा,-

(क) "अभौतिक सांस्कृतिक सम्पदा" भन्नाले नेपालमा परम्परागत रूपमा बसोबास गर्दै आएका समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै तथा अभ्यास भई आएका देहाय बमोजिमका सांस्कृतिक विधाहरू समेतलाई सम्झनु पर्छ।

(अ) मौखिक परम्परा तथा अभिव्यक्ति,

(आ) अभिनय तथा मञ्चन कला

(इ) सामाजिक व्यवहार, अनुष्ठान, जात्रापर्वहरू,

(ई) प्रकृति एवं ब्रह्माण्ड सम्बन्धी ज्ञान,

(उ) परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि

(ऊ) परम्परागत खेल,

(ए) खाद्य परिकार र तिनको सीप,

(ऐ) पहिरन लगायत आभूषण सम्बन्धी ज्ञान,

(ओ) सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल,

(औ) स्मरणमा रहेका तर अभ्यासमा नरहेका अभौतिक सांस्कृतिक सम्पदा।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) "जातीय समुदाय" भन्नाले सम्पदाको अभ्यास, सम्पादन, पुस्तान्तरण, पुनर्सिजना तथा संरक्षणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागी हुने व्यक्ति, परिवार तथा समुदायसमेत सम्झनु पर्छ।

(ग) "दिग्दर्शन" भन्नाले यस दिग्दर्शनलाई सम्झनु पर्छ।

(घ) "स्थानीय अभौतिक सांस्कृतिक सम्पदा" भन्नाले स्थानीय समुदायले आफ्नो समुदायको सम्पदाको रुपमा पहिचान गरेको (राष्ट्रिय महत्त्वको सम्पदामा समाविष्ट भएको वा नभएको) सम्पदा सम्झनु पर्छ।

(ङ) "प्रादेशिक अभौतिक सांस्कृतिक सम्पदा" भन्नाले प्रदेश सरकारले तयार गरेको अभौतिक सांस्कृतिक सम्पदाको सूचीमा समावेश भएका सम्पदा सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।

(छ) "व्यक्ति वा परिवार" भन्नाले व्यक्ति वा परिवार विशेषले अभ्यास तथा निरन्तरता दिँदै आएका व्यक्ति वा परिवारलाई सम्झनु पर्छ।

(ज) "सूचीकरण सचिवालय" भन्नाले मन्त्रालयको संस्कृति महाशाखालाई सम्झनु पर्छ।

(झ) "समूह"/"समुदाय" भन्नाले सम्पदाको संरक्षकत्व एवम् अभिभावकत्व वहन गरेको उक्त सम्पदाको, अभ्यासकर्ता तथा सोको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सम्बद्ध व्यक्ति, परिवार, समुदाय तथा स्थानीय गुठीसमेत सम्झनु पर्छ।

(ञ) "सम्पदा" भन्नाले अभौतिक सांस्कृतिक सम्पदा सम्झनु पर्दछ।

३. **दिग्दर्शन को उद्देश्य**:: यस दिग्दर्शनका उद्देश्य देहायबमोजिम रहेका छन्:

(क) अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण तथा व्यवस्थापनका लागि हरेक जनसमुदायलाई सुसूचित गराउनु र एक अर्काको सम्पदाको सम्मानप्रतिको सद्भावनालाई अभिवृद्धि गर्दै निरन्तरताको सुनिश्चित गर्ने गराउने।

(ख) अभौतिक सांस्कृतिक सम्पदा सम्बद्ध व्यक्ति समूह, वा समुदायको सम्पदाप्रतिको सम्मान सुनिश्चित गर्ने गराउने।

(ग) अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षण एवम् व्यवस्थापन सम्बन्धी अभिलेखीकरण प्रयोजनका लागि राष्ट्रिय सूचीमा सूचीकरण गर्ने, सूचीकरणका लागि उत्प्रेरित एवम् सहजीकरण गर्ने गराउने।

(घ) राष्ट्रिय सूचीकरणको लागि प्रक्रिया निर्धारण गरी सूचीकृत भएपछि पनि त्यस्ता सम्पदा सम्बन्धित समूदायबाट संरक्षण र व्यवस्थापनमा निरन्तरता दिन प्रोत्साहन गर्ने गराउने।

४. **सूचीकरण गरिने सम्पदा र प्रकार**: (१) सूचीकरण एवम् संरक्षण गर्ने प्रयोजनका लागि सम्पदाको महत्त्वका आधारमा देहायबमोजिम वर्गीकरण गरिनेछ ।

(क) स्थानीय महत्त्वका सम्पदा,

(ख) राष्ट्रिय महत्त्वका सम्पदा,

(२) सम्पदालाई यसको अभ्यास, संरक्षकत्व, अभिभावकत्व तथा सम्वाहकका आधारमा देहायबमोजिम वर्गीकरण गर्न सकिनेछ।

(क) व्यक्तिद्वारा अभ्यास गरिएका सम्पदा,

(ख) परिवारद्वारा अभ्यास गरिएका सम्पदा,

(ग) विशिष्टिकृत समुदायद्वारा अभ्यास गरिएका सम्पदा,

(घ) मिश्रित समुदायद्वारा अभ्यास गरिएका सम्पदा।

(३) मन्त्रालयले सूचीकरण गरे बाहेक प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका अभौतिक सांस्कृतिक सम्पदालाई वर्गीकरण गरी सूचीकरण गर्न सक्नेछन् ।

(४) अभौतिक सांस्कृतिक सम्पदाको विशिष्ट अभ्यासकर्तालाई जीवन्त सम्पदा (लिभिङ हेरिटेज) का रूपमा सूचीकरण गर्न सकिनेछ।

तर कुनै व्यक्तिलाई मृत्यूपर्यन्त जीवन्त सम्पदा (लिभिङ हेरिटेज) का रूपमा सूचीकरण गरिने छैन।

**५. सम्पदा सूचीकरणका आधारहरू:** सम्पदा सूचीकरणका आधार देहायबमोजिम हुनेछः

क) सूचीकरण गरिने सम्पदा यस दिग्दर्शनको दफा २ को खण्ड (क) अनुसारको हुनुपर्नेछ ।

ख) सम्वन्धित समुदायको पहिचानसँग सम्बन्धित भएको हुनुपर्नेछ।

ग) सम्पदाको सुरक्षा र संरक्षणको सुनिश्चतता भएको हुनुपर्नेछ।

घ) अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित समूह, समुदाय वा व्यक्तिको सहमति सहितको सहभागिता रहेको हुनुपर्नेछ।

ङ) सम्बन्धित समूह वा समुदायको सामाजिक, धार्मिक वा सांस्कृतिक जीवनको एउटा महत्त्वपूर्ण अङ्गको रूपमा रहेको हुनुपर्नेछ।

च) सम्बन्धित समुदाय भित्र निरन्तर रुपमा अभ्यास हुँदै आएको र पुस्तान्तरणको प्रतिवद्धता व्यक्त गरेको हुनुपर्नेछ।

छ) सम्पदामाथि गम्भीर खतरा आइपरेको र तत्कालै संरक्षण नगरी नहुने अवस्था रहेको वा सम्बन्धित व्यक्ति, समुदाय तथा पक्षहरूले प्रयास गर्दा गर्दै पनि गम्भीर जोखिममा रहेको सम्पदालाई तत्कालै संरक्षण गर्नुपर्ने सम्पदाका रूपमा सूचीकरण गर्न सकिनेछ।

**६. सम्पदा सूचीकरणको प्रक्रिया:** (१) यस दिग्दर्शनको अनुसूची-२ मा तोकिएबमोजिमको ढाँचामा सूचीकरणका लागि प्रस्तावित सम्पदाको पूर्ण विवरण वा इन्भेन्ट्री तयार गर्नुपर्नेछ।

(२) सम्पदा सूचीकरण गर्नका लागि सम्बन्धित व्यक्ति, परिवार, समुदाय तथा समूहले यस दिग्दर्शनको अनुसूची २ मा तोकिएबमोजिमको ढाँचाको विवरणसूची र अनुसूची १ बमोजिमको आवेदनसहित देहायबमोजिमका कागजात तथा प्रमाणहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

क) सम्पदाको पूर्ण विवरण,
ख) सूचीकरणका लागि सम्बन्धित व्यक्ति, समूह वा समुदायको सहमति (अनुसूची ४ मा तोकिएको ढाँचा बमोजिम)
ग) सम्पदाको फोटो, अडियो तथा भिडियो (अनुसूची ३ मा तोकिएबमोजिम)
घ) हालसम्मको पुस्तान्तरण सम्बन्धी आवश्यक विवरण,
ङ) सम्बन्धित स्थानीय तहको सिफारिस,
च) स्थानीय तहमा सूचीकरण भएको भए सोको प्रमाण।

(३) पेश भएको आवेदन मन्त्रालयको सूचीकरण सचिवालयले रुजु गरी दर्ता वा अपूर्ण आवेदन भए पूर्णताका लागि फिर्ता गर्नेछ।

(४) दर्ता भएको आवेदन यसै दिग्दर्शनको दफा ७ को उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सचिवालयमा पेश गर्नेछ।

(५) मूल्याङ्कन भई प्राप्त आवेदनहरु दिग्दर्शनको दफा ८ बमोजिम गठित सिफारिस समितिमा पेश गर्नुपर्नेछ। समितिले सिफारिस गरेका सम्पदालाई सूचीकरण गर्ने निर्णयका लागि सचिवालयले मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(६) सूचीकरण भएका सम्पदा सूचीको आधिकारिक घोषणा उपयुक्त सञ्चार माध्यमबाट मन्त्रालयले सम्प्रेषण गर्नेछ।

(७) मन्त्रालयले सूचीकृत सम्पदाहरूको सूची घोषणा गरी सार्वजनिक गर्नेछ।

७. **सम्पदा सूचीकरणको मूल्याङ्कन प्रक्रिया तथा आधारः (१) अभौतिक सांस्कृतिक सम्पदा मूल्याङ्कन समितिः** मन्त्रालयले सम्पदा सूचीकरणको मूल्याङ्कनका लागि देहायबमोजिम सात सदस्य रहने एक मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

(क) मन्त्रालयले मनोनयन गरेको सम्पदा सम्बन्धी विज्ञ - संयोजक
(ख) आदिवासी जनजाति आयोगका विज्ञ प्रतिनिधि - सदस्य
(ग) राष्ट्रिय समावेशी आयोगका विज्ञ प्रतिनिधि - सदस्य
(घ) आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका विज्ञ प्रतिनिधि- सदस्य
(ङ) त्रि.वि., नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका प्रमुख - सदस्य
(च) मन्त्रालयले मनोनयन गरेको सम्पदा सम्बन्धी विज्ञ एक जना - सदस्य
(छ) मन्त्रालयको संस्कृति शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकताअनुसार समितिको बैठकमा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) यस दिग्दर्शनमा उल्लेख भए बाहेक समितिले आवश्यक ठानेमा थप मूल्याङ्कन प्रक्रिया तथा मापदण्ड तर्जुमा गरी मन्त्रालयलाई जानकारी गराई कार्यान्वयन गर्ने।

(ख) यस दिग्दर्शनको दफा ४ र ५ का आधारमा प्राप्त आवेदनहरुको मूल्याङ्कन गर्ने।

(ग) प्राप्त आवेदनहरु मूल्याङ्कन गरी तीस दिनभित्र मन्त्रालयसमक्ष पेश गर्ने।

(४) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन सिफारिस दफा ८ बमोजिमको अभौतिक सांस्कृतिक सम्पदा सिफारिस समितिमा पेश हुनेछ।

८. **अभौतिक सांस्कृतिक सम्पदा सिफारिस समिति:** (१) अभौतिक सांस्कृतिक सम्पदा सिफारिस समिति देहायबमोजिम हुनेछ।

(क) संस्कृति महाशाखा प्रमुख, मन्त्रालय- संयोजक

(ख) प्रतिनिधि, भाषा आयोग- सदस्य

(ग) प्रतिनिधि, नेपाल प्रज्ञा प्रतिष्ठान- सदस्य

(घ) प्रतिनिधि, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान- सदस्य

(ङ) प्रतिनिधि, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान- सदस्य

(च) प्रतिनिधि, राष्ट्रिय अभिलेखालय- सदस्य

(छ) प्रतिनिधि, पुरातत्त्व विभाग- सदस्य

(ज) कार्यकारी प्रमुख, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान- सदस्य

(झ) प्रतिनिधि, सांस्कृतिक संस्थान- सदस्य

(ञ) प्रतिनिधि, गुठी संस्थान- सदस्य

(ट) संस्कृति शाखा प्रमुख, मन्त्रालय- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले गरेको सिफारिसका आधारमा मन्त्रालयले सूचीकरण गर्ने वा नगर्ने निर्णय गर्नेछ।

(३) समितिले देहायका आधार र प्रक्रियाबमोजिम सम्पदाको सूचीकरण गर्नेछ:

(क) समितिले पुनरावलोकन गरी सूचीकरणका लागि मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(ख) समितिले सर्वसम्मत रूपमा निर्णय गर्ने,

(ग) सर्वसम्मत हुन नसकेको अवस्थामा बहुमतका आधारमा निर्णय गर्ने,

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

(४) संयोजकले आवश्यकताअनुसार समितिको बैठकमा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ। आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैन।

९. **सम्पदा सूचीकरण गर्ने:** (१) सम्पदा सूचीकरण गर्न चाहने व्यक्ति, समुदाय वा संस्थाले देहायबमोजिम आवेदन पेश गर्नु पर्नेछ।

(क) कार्यालय समयभित्र आवश्यक विवरण तथा कागजातसहित सम्बन्धित व्यक्ति, परिवार, समूह, समुदाय वा संस्थाले सचिवालयमा दर्ताका लागि पेश गर्नु पर्नेछ।

(ख) सचिवालयमा दर्ता भएका सम्पदाको प्रक्रियागत रूपमा सूचीकरण भएको घोषणा गरी सार्वजनिक गरिनेछ।

१०. **सम्पदा सूचीकरणको घोषणा:** सम्पदा सूचीकरणको घोषणा देहायबमोजिम गरिनेछ:

(१) सूचीकरण भएका सम्पदाको मन्त्रालयबाट अन्तिम घोषणा हुनका लागि यसै दिग्दर्शनबमोजिम आवश्यक सबै कागजात तथा प्रक्रिया पूरा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएका सम्पदाहरुलाई सूचीकरणका लागि तोकिएबमोजिमको प्रक्रियागत समितिहरूबाट भएको सिफारिस तथा निर्णयका आधारमा मन्त्रालयले सूचीकरण भएको घोषणा गर्नेछ।

११. **व्याख्या र संशोधन:**

(१) दिग्दर्शन कार्यान्वयनको क्रममा द्विविधा उत्पन्न भएमा यस दिग्दर्शनको प्रतिकूल नहुने गरी मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

(२) यस दिग्दर्शनको कार्यान्वयनबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व लगायत कुनै पनि प्रकारको दीर्घकालीन दायित्व सिर्जना हुने छैन।

(३) सूचीकृत सम्पदाको निरन्तर संरक्षण एवम् व्यवस्थापनको दायित्व सम्बन्धित समुदायमा नै रहनेछ।

(४) स्रोतसाधनको उपलब्धताका आधारमा मन्त्रालयले सम्पदाको संरक्षण तथा प्रचारप्रसारका कार्यहरू क्रमशः गर्दै जान सक्नेछ।

(५) दिग्दर्शनमा कुनै थपघट वा संशोधन गर्नु परेमा मन्त्रालयले गर्न सक्नेछ।

(६) माथि दफा ७ र ८ अनुसार गठित समितिमा प्रतिनिधित्व गर्ने संस्थागत वा व्यक्तिगत विज्ञ सदस्य यस दिग्दर्शनबमोजिम कुनै पनि अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणको विवरण तयार गर्ने लगायतका प्रक्रियामा संलग्न नभएको हुनु पर्नेछ।

(७) कुनै एक व्यक्ति, परिवार वा समुदायले एक आर्थिक वर्षभित्रमा एउटा मात्र अभौतिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय सूचीकरणका लागि मन्त्रालयसमक्ष निवेदन दिन सक्नेछ।

अनुसूची -१

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

आवेदनको ढाँचाः

मितिः ........../...../.....

श्रीमान् सचिवज्यू
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः- अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गरिदिने सम्बन्धमा।

त्यस मन्त्रालयद्वारा जारी गरिएको अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ बमोजिमको यस ........................................ व्यक्ति/परिवार/समुदाय/जातीय समुदायसँग सम्बन्धित ........................................................................ लाई अभौतिक सांस्कृतिक सम्पदाको रुपमा सूचीकरण गरिदिनुहुन नियमानुसार तपसिलबमोजिमका कागजात एवम् प्रमाणहरू यसैसाथ संलग्न राखी अनुरोध गर्दछु/गर्दछौं।

तपसिलः

क) सम्पदाको पूर्ण विवरण,
ख) सूचीकरणका लागि सम्बन्धित व्यक्ति, समूह वा समुदायको सहमति,
ग) सम्पदाको फोटो, अडियो तथा भिडियो (अनुसूची ३ मा तोकिएबमोजिम)
घ) हालसम्मको पुस्तान्तरण सम्बन्धी आवश्यक विवरण,
ङ) सम्बन्धित स्थानीय तहको सिफारिस,
च) स्थानीय तहमा सूचीकरण भएको भए सोको प्रमाण।

निवेदक

.....................................

## अनुसूची -२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### विवरण सूची फाराम

आवेदक:

क) जाति वा समुदायको नाम:

ख) जाति वा समुदायभित्र रहेको उपजाति वा समूह:

ग) बसाईको भौगोलिक क्षेत्र (जनघनत्व बढी भएको)

- प्रदेश नं:
- जिल्ला:
- गाउँपालिका/नगरपालिका/महानगरपालिका:
- वडा नं:
- टोल/मार्ग:

घ) जनसंख्या:

१. अभौतिक सांस्कृतिक सम्पदाहरुको माथि उल्लिखित दस विषयक्षेत्रमध्ये ............................................................ ......................................................नाम उल्लेख गर्ने

१.१ अभौतिक सांस्कृतिक सम्पदा तत्वको (Element) को नाम:

- वैकल्पिक नाम:
- मातृभाषा/समुदायले भन्ने गरेको नाम:

१.२ विषयको छोटकरी एवम् जानकारीमूलक शीर्षकमा ( √ ) चिन्ह लगाउनुहोस् (अभौतिक सांस्कृतिक सम्पदाको विषयगत क्षेत्र (domain) एकभन्दा बढी भए सो उल्लेख गर्नुहोस्।)

(अ) मौखिक परम्परा तथा अभिव्यक्ति ( )
(आ) अभिनय तथा मञ्चनकला ( )

(इ) सामाजिक व्यवहार, अनुष्ठान, जात्रापर्वहरू ( )
(ई) प्रकृति एवम् ब्रम्हाण्ड सम्बन्धी ज्ञान ( )
(उ) परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि ( )
(ऊ) परम्परागत खेल ( )
(ए) खाद्य परिकार र तिनको सीप ( )
(ऐ) पहिरन लगायत आभूषणसम्बन्धी ज्ञान ( )
(ओ) सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल ( )
(औ) स्मरणमा रहेका तर अभ्यासमा नरहेका अभौतिक सांस्कृतिक सम्पदा ( )

१.३ सम्पदा तत्वसँग सम्बन्धित समुदाय/प्रयोगकर्ता

- मुख्य समुदायः
- अन्य समुदायः

१.४ तत्व प्रचलनमा रहेको भौगोलिक स्थान

१.५ फैलावट/विस्तार क्षेत्र

......... पालिका ......
टोल ....
देवस्थल .....
घर .....
हाटवजार.......

१.६ सम्पदा तत्त्व कार्यान्वयन हुने समय

- तिथिमिति
- कसरी गर्ने
- कसले गर्ने
- कुन ठाउँमा गर्ने (ठाउँ विशेष)

१.७. सम्पदा तत्त्वको छोटो विवरणदेहायका बुँदाहरू समेटी तयार गर्नुपर्नेछ।

- तत्त्वको परिचय
- सामान्य जानकारी
- कसले गर्ने

- किन गर्ने
- कसरी गर्ने
- कहाँ गर्ने
- कसका लागि गर्ने
- समाजमा यसको महत्त्व
- ऐतिहासिकता

२. सम्पदातत्वका विशेषता
- सम्बद्ध भौतिक वस्तु
- संलग्न भाषा/बोली
- उत्पत्ति सम्बन्धी जानकारी

३. सम्पदा तत्वसँग संलग्न व्यक्ति एवम् संस्था

३.१. सम्पदा तत्वको अभिनयकार्य तथा अभ्यासमा प्रत्यक्ष रूपमा संलग्न अभ्यासकर्ता वा अभिनयकर्ताको नाम/लिङ्ग/व्यवसायकरण उल्लेख गर्ने

- कसबाट कसरी हस्तान्तरण/पुस्तान्तरण भएकोसमेत उल्लेख गर्ने

३.२ प्रत्यक्ष संलग्न नभएका तर तत्व प्रचलन/पुस्तान्तरण अभ्यासमा योगदान पु-याउने तथा यसको प्रचलनमा सहजिकरणको काम गर्ने अन्य समुदायको र सम्बन्धित समुदायको व्यक्तिहरुको नाम उल्लेख गर्ने
- मञ्च तयार गर्ने
- पोशाक/आभूषण सम्वन्धी कार्य गर्ने
- प्रशिक्षण गर्ने
- अन्य

३.३ अभौतिक सांस्कृतिक सम्पदा तत्वको कार्यान्वयन तथा हस्तान्तरण सम्वन्धी मूर्त (Tangible) वस्तु
- उपकरण
- विशेष वस्त्र तथा स्थान
- धार्मिक संस्कारसँग सम्वन्धी वस्तु
- अन्य

३.४ समाजका अन्य जाति/समुदायमा हस्तान्तरण/समावेशी संलग्नतामा हुने भएमा सो उल्लेख गर्ने

३.५ सम्बन्धित संस्थाहरू (यदि कुनै भए)
- परम्परागत सामाजिक सांस्कृतिक समूह वा संस्था (जस्तोः गुठी)
- सामुदायिक संस्था

- गैरसरकारी संस्था
- अन्य

४ अभौतिक सांस्कृतिक सम्पदा तत्वको अवस्था

४.१. जीवन्तता भए/नभएको उल्लेख गर्ने

४.२.सम्बद्ध समुदायहरूभित्र तत्वको कार्यान्वयनलाई चालु राख्ने चुनौती (यदि कुनै भए)

४.३. सम्पदा तत्वसित सम्बद्ध स्रोतहरूको व्यवस्थापनमा/ पहुँचमा/ दिगोपनमा चुनौती (यदि कुनै भए)

४.४. सम्पदा तत्वसँग सम्बद्ध अरू अभौतिक सम्पदा तत्वहरूको जीवन्तता (यदि कुनै भए)

४.५.उल्लिखित चुनौतीमध्ये

- कुनैलाई ठाउँमा नै सम्बोधन वा संरक्षण गर्नुपर्ने भए उल्लेख गर्ने
- यदि कुनै उपायहरू अवलम्बन गरिएको भए उल्लेख गर्ने
- भविष्यमा कार्यान्वयन गर्ने तथा हस्तान्तरण गर्न प्रोत्साहन गर्ने उपायहरू छन् भने उल्लेख गर्ने।

५. विवरण सम्बन्धी प्रतिवन्ध र मन्जुरी

५.१ सूचना लिँदा वा लिन सम्बन्धित समुदायबाट सहमति एवम् संलग्नता सुनिश्चित गर्ने

५.२ संकलित डाटाको उपयोग तथा प्रवेशमा प्रतिबन्ध (यदि कुनै भए)

५.३ स्रोत व्यक्ति (हरु)

- नाम
- ओहदा/पद
- सम्बद्धता

६. अभौतिक सांस्कृतिक सम्पदा तत्व सम्बन्धी सन्दर्भ सामग्री (यदि कुनै भए)

६.१ साहित्य (यदि कुनै भए) वा प्रकाशित/अप्रकाशित सामग्री

६.२ अभिलेखालय/संग्रहालय तथा निजी संकलनमा रहेका श्रव्यदृश्य सामग्री/रेकर्डिङ आदि (यदि कुनै भए)

६.३ अन्य थप विवरण

७. विवरण सूचीकरण तथ्याङ्क

७.१ सम्पदा तत्वको विवरण सूची बनाउन र विवरण सूचीमा सूचना समावेश गर्न सम्बन्धित समुदायको सहमतिको प्रामाणिक कागजात:

७.२. विवरण सूचीमा सूचना समावेश गरेको मिति:

७.३. विवरण संकलनमा संलग्न गरिएका सामग्री:

८. सूचनाको स्रोतः

९. सूचना संकलनकर्ताकोः

नामः

सम्बद्ध संस्थाः

सम्बन्धित समुदायसँगको सम्बन्धः

१०. सूचना संकलनको मिति (अवधि):

अनुसूची -३

(दफा ६ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

सम्पदाको फोटो, अडियो तथा भिडियो :

१) विभिन्न कोणबाट हालसालै खिचिएको (पछिल्लो अद्यावधिक गरिएको) कम्तीमा १० बटा रंगीन फोटो:

- ❖ साइज ४"X ६"(इन्च)
- ❖ रिजोलुसन:- कम्तीमा ३०० डि.पि.आई (DPI)

विवरण/क्याप्सन ..........................................................................................

२) हालसालै खिचिएको कम्तीमा १० देखि ३० मिनेटसम्मको अडियो-भिजुअल भिडियो:

- ❖ गुणस्तर HD (1920x1080) 1080p
- ❖ सम्पदा तत्वका बारेमा जानकारी वा Narration मौखिक (Audio) स्थानीय वा राष्ट्र तथा राष्ट्रिय भाषामा र सबैको अनुवाद Sub-Title को रूपमा Scrolling लिखितमा हुनुपर्ने।

३) फोटो र भिडियो सम्पदा तत्व अभ्यासको थातथलोमा अभ्यास गरिरहेको बेला खिचिएको वा रेकर्ड गरिएको गर्नुपर्ने,

४) फोटो र अडियो/भिडियोको स्रोत र उपलब्ध गराउने व्यक्तिको अनिवार्य रुपमा स्वीकृतिको लिखत पेश गर्नुपर्ने।

फोटो र अडियो/भिडियोको सहमतिको ढाँचाः

मितिः-

श्रीमान सचिवज्यू,
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः- फोटो र अडियो/भिडियोको स्वीकृति सम्बन्धमा।

प्रस्तुत विषयमा.................................................व्यक्ति/परवार/समुदाय/जातीय समुदायसँग सम्बन्धित ..............................................अभौतिक सांस्कृतिक सम्पदालाई त्यस मन्त्रालयद्वारा जारी गरिएको भौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ बमोजिम अभौतिक सांस्कृतिक सम्पदाको रूपमा सूचीकरण गर्नका लागि .............................................................व्यक्ति/संस्थाको तर्फबाट उक्त सम्पदाको फोटो र अडियो/भिडियो प्रयोग गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

तपसिलः
व्यक्ति/परिवार/समुदाय/जातीय समुदाय/संस्थाको नामः .....................................................
.....................................................................
ठेगानाः .........................................................
हस्ताक्षर गर्ने व्यक्ति/पदाधिकारीको नामः ................................................
पदः ............................................
हस्ताक्षरः .......................................
मितिः ..........................................

## अनुसूची -४

(दफा ६ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

### सम्बन्धित व्यक्ति, समूह वा समुदायको सहमतिको ढाँचाः

मितिः ........../...../.....

श्रीमान् सचिवज्यू
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः- सहमति प्रदान गरिएको सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा ........................................................व्यक्ति/परिवार/समुदाय/जातीय समुदायसँग सम्बन्धित ..................................................................अभौतिक सांस्कृतिक सम्पदालाई त्यस मन्त्रालयद्वारा जारी गरिएको भौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ बमोजिम अभौतिक सांस्कृतिक सम्पदाको रुपमा सूचीकरण गर्नका लागि................................................ व्यक्ति/परिवार/समुदाय/जातीय समुदाय/संस्थाको तर्फबाट यो सहमति प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

तपसिलः
व्यक्ति/परिवार/समुदाय/जातीय समुदाय/संस्थाको नामः ......................................................
.......................................................................
ठेगानाः ........................................................
हस्ताक्षर गर्ने व्यक्ति/पदाधिकारीको नामः ................................................
पदः ............................................
हस्ताक्षरः ......................................
मितिः ..........................................